# जिराभवानी गाउँपालिका
# गाउँ कार्यपालिकाको कार्यालय
## सेढवा, पर्सा
प्रदेश नं. २, नेपाल

पत्र संख्याः - २०७८/०७९
चलानी नं. ४९१

मितिः २०७८।०८।०५ गते

**विषय : - सूचना टाँस गरिदिने तथा निवेदन संकलन गर्ने बारे।**

**श्री वडा कार्यालय (सबै),**
**जिराभवानी गाउँपालिका, पर्सा।**

उपर्युक्त सम्बन्धमा यस जिराभवानी गाउँपालिकाको मिति २०७८।०८।०५ गते निःशुल्क लोक सेवा आयोग तयारी कक्षा संचालन सम्बन्धी सूचना यसै पत्र साथ संलग्न राखी पठाईएकोले सो सूचना त्यस वडा कार्यालयको सूचना पाटीमा टाँस गरिदिनु हुन अनुरोध छ। साथै निवेदनमा उल्लेखित कागजात सहित निवेदन दिन आएमा उक्त निवेदन संकलन गरी दिनु हुन समेत अनुरोध छ।

Mehta
२०७८।०८।०५

...............
प्राण मेहता
(प्रमुख प्रशासकीय अधिकृत)

Website: https://jirabhawanimun.gov.np, Email.: ito.jirabhawanimun@gmail.com

# जिराभवानी गाउँपालिका
# गाउँ कार्यपालिकाको कार्यालय

**सेढवा, पर्सा**

**प्रदेश नं. २, नेपाल**

सूचना ! सूचना !! सूचना !!!

## निःशुल्क लोक सेवा आयोग तयारी कक्षा संचालन सम्बन्धी सूचना

**(प्रथम पटक प्रकाशित मिति २०७८/०८/०५ गते)**

उपर्युक्त सम्बन्धमा यस जिराभवानी गाउँपालिकाको आ.व. २०७८/०७९ को स्वीकृत बजेट, नीति तथा कार्यक्रम अन्तर्गत यस जिराभवानी गाउँपालिकाका शैक्षिक बेरोजागरहरुमा प्रतिस्पर्धी क्षमताको विकास गरी लोक सेवा आयोगद्वारा लिईने खरिदार र नायब सुब्बा पदको परिक्षामा यस जिराभवानी गाउँपालिकाबाट सभागिता बृद्धि गराई समृद्धि जिराभवानी निर्माणमा सहयोग पुऱ्याउने उद्देश्यले संचालन हुन लागेको ३० दिने नायब सुब्बा तथा खरिदार पदको निःशुल्क लोक सेवा आयोग तयारी कक्षा संचालन कार्यक्रममा इच्छुक युवा युवतीले आवश्यक कागजात सहित यो सूचना प्रकाशित भएको मितिले १० औं दिन भित्र सम्बन्धित वडा कार्यालय वा गाउँपालिकाको कार्यालयमा निवेदन गर्नु हुन सम्बन्धित सबैको जानकारीका लागि यो सूचना प्रकाशित गरिएको छ। साथै यस विषयमा थप जानकारीका लागि यस गाउँपालिकाको प्रशासन शाखामा सम्पर्क गर्न सकिन्छ।

**आवश्यक न्यूनत्तम योग्यताः-**

क) न्युनत्तम SLC/SEE वा सो सरहको परिक्षा उतिर्ण गरेको हुनुपर्ने,

ख) १८ वर्ष पुरा भई ३५ वर्षक ननाघेको हुनुपर्ने,

ग) जिराभवानी गाउँपालिकाको स्थायी बासिन्दा हुनुपर्ने,

**निवेदनका साथ पेश गर्नुपर्ने आवश्यक कागजातहरुः-**

१) निवेदनकको नागरिकता प्रमाणपत्र वा परिचय खुल्ने कुनै कागजातको प्रतिलिपी - १ थान ,

२) न्यूनत्तम शैक्षिक योग्यताको प्रमाण पत्रको प्रतिलिपी - १थान

३) निवेदन- १ थान

Mehata
२०७८/०८/०५

प्राण मेहता
प्रमुख प्रशासकीय अधिकृत